# रोहिणी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश
धकधई, रुपन्देही

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.स.:-०७८/०७९

च.नं.:-

प्रथम पटक प्रकाशन मितिः २०७८/०८/०९

**विषयः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.ब.०७८/०७९ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान सिलबन्दी दर भाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक बयत्ति,फर्म,कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउ पत्र पशे गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१। दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म,उद्योग,कम्पनी वा ब्यत्तिःहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आ.ब.को लागि नविकरणभएको फर्म दर्ता प्रमाण पत्र,स्थायी लेखा दर्ता प्रमाण पत्र,मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.ब. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु.१०००।०० राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुभाई यस रोहिणी गाँउपालिकाको कार्यालय धकधई,रुपन्देहीबाट खरिद गर्न सकिनेछ ।

२। खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस गाँउपालिकाको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम,ठेगाना र फोन नं उल्लेख गरी सहिछाप गरी शिलबन्दीमा लाहाछाप लगाई खामको बाहिर कामको विवरण,ठेक्क नं समेत उल्लेखित गरी यस गाँउपालिकाको कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्छ । सो शिलबन्दी दरभात्रपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २ बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाता वा निजहरुले अख्तियारीनामा दिई पठाएक प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३। दरभाउपत्र कर्ताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४। शिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेखित गरे बमोजिमको जमानत रकम रोहिणी गाँउपालिकाको कार्यालयको नाममा एन.आई.सि.एशिया बैंक शाखा कार्यालय,धकधई,रुपन्देहीमा रहेको धरौटी खाता नं ९४४१४९८७३४५२४००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस गाँउ कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबवट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी ७५ दिन अवधी (Validity) रहेको नेपाल सरकारबाट (क) वर्गको मान्यता प्राप्त गरेको बैकबाट सक्कल जमानिपत्र (Unconditional Bid Bond) संलग्न गरी पेश गर्नुपर्नेछ ।

५। दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६। म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७। शिलबन्दी दरभाउपत्र सम्बँधी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारका अन्य ऐन,नियमहरु बमोजिम हुनेछन ।

८। शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९। सप्लायर्सले औषधी सप्लाई गर्दा रोहिणी गाँउपालिकाबाट निःशुल्क वितरणको लागि भन्ने छाप लेखिएको हुनु पर्नेछ ।

१०। सप्लायर्स औषधी सप्लाई गर्दा औषधीको म्याद कम्तीमा दुई वर्षको हुनु पर्नेछ ।

११। शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ,दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझनु परेमा यस गाँउपालिकाको फोन नं ०७१–४११०४७ वा कार्यालयमा आई बुझनु सकिने छ ।

| क्र.सं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम | दरभाउपत्रको दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 004/NCB/GOODS/RRM/2078-79 | औषधी सप्लाई कार्य | १६५५०००।०० | १०००।०० | ४१,५०० | |

प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत